नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
# ललितपुर

फ्याक्स: ०१-५५२३०५१
फोन: ०१-५५२११६५, ०१-५५५२८४४
०१-५५५५४७५, ०१-५५३५१२९
ईमेल: daolalitpur5@gmail.com
वेभसाइट: www.daolalitpur.moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

## ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी भएको आदेश

ललितपुर जिल्लामा कोभिड-१९ को संक्रमण बढ्दै गईरहेको सन्दर्भमा जनस्वास्थ्यमा गम्भिर असर पर्न सक्ने अवस्थालाई मध्यनजर गरी कोभिड-१९ को संक्रमणको प्रभावकारी रोकथाम तथा नियन्त्रणका लागि मिति २०७७/०६/०१ गते देखि लागू हुने गरी अर्को आदेश नभए सम्मका लागि ललितपुर जिल्ला भरी स्थानीय प्रशासन ऐन, २०२८ र संक्रामक रोग ऐन, २०२० बमोजिम देहाय बमोजिमका क्रियाकलाप गर्न/गराउन निषेध गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

निषेध गरिएका गतिविधिहरु :

१. ललितपुर जिल्ला भित्र सन्चालन हुने सार्वजनिक तथा निजी सवारी साधनहरु नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड अनिवार्य रुपमा पालना गर्ने गराउने गरी जोर/विजोर प्रणाली अन्तर्गत सञ्चालन गर्नुपर्नेछ तर अत्यावश्यक सेवा, कार्यालय आवतजावत र सबै प्रकारका ढुवानीका साधनको हकमा जोर/विजोर प्रणाली लागू हुने छैन ।

२. खुल्ला स्थानमा मानिसहरु भेला जम्मा हुन, भीडभाड गर्न, सभा, जुलुस, जात्रा, महोत्सव, भोजभतेर आदि गर्न/गराउन,

३. मठ मन्दिर, मस्जिद, चर्च लगायतका परम्परागत धार्मिक तथा साँस्कृतिक स्थलहरूमा दैनिक नित्य पूजा बाहेक भीडभाडजन्य गतिविधिहरु सञ्चालन गर्न/गराउन,

४. शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्यूशन सेन्टर, तालिम केन्द्र) संचालन गर्न/गराउन, साथै शैक्षिक तथा अन्य परिक्षाहरु सञ्चालन गर्न गराउन,

५. सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, डान्स वार, मनोरञ्जन स्थल, स्पा, सैलुन, व्यूटिपार्लर, स्वीमिङ्ग पुल, जिमखाना, हेल्थक्लब समूहमा खेलिने खेलकुद र खेल प्रस्तुति, अन्तर्राष्ट्रिय खेलकुदका प्रशिक्षण तथा प्रारम्भिक चरणका खेल प्रदर्शनी, पुस्तकालय, संग्रहालय, चिडियाखाना जस्ता क्रियाकलाप संचालन गर्न/गराउन ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
## ललितपुर

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

फ्याक्सः ०१-५५२३०५१
फोनः ०१-५५२११६५, ०१-५५५२८४४
०१-५५५५४७५, ०१-५५३५१२९
ईमेलः daolalitpur5@gmail.com
वेभसाइटः www.daolalitpur.moha.gov.np

यस आदेशको कार्यान्वयन प्रभावकारीरूपमा गर्न, कोभिड-१९ को संक्रमणको जोखिमबाट आफु बच्न तथा अरूलाई बचाउन देहाय बमोजिम गर्ने :

१. दैनिक क्रियाकलाप सञ्चालन गर्दा माक्सको अनिवार्य प्रयोग गर्ने, नियमित साबुन पानीले हात धुने वा स्यानिटाइजरको उचित प्रयोग गर्ने ।

२. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको स्वास्थ्य सम्बन्धी मापदण्डहरु अनिवार्य रुपमा पालना गर्ने/गराउने साथै सामाजिक/भौतिक दूरी कायम राख्दै दैनिकी गतिविधि सञ्चालन गर्न सम्पूर्ण महानुभावहरुमा अनुरोध छ ।

३. नियामक निकाय तथा सम्पूर्ण छाता संघ/संगठनहरुले मातहतका निकाय/कार्यालय वा स्थानमा स्वास्थ्य मापदण्ड पालना भए नभएको विषयमा नियमित अनुगमन गर्नु पर्नेछ ।

साथै,

उल्लेखित आदेश विपरितका गतिविधिहरु गरे/गराएको पाइएमा संक्रामक रोग ऐन, २०२० तथा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही हुनेछ ।

२०७७/५/३१

मिति : २०७७/०५/३१

नारायणप्रसाद भट्ट
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी